जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९    स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२    अंक १४२    २०७९ साल पुस १९ गते मंगलबार    (3 Jan. 2023 Tuesday)    मूल्य रु. ५/-




**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : पोखरा अन्तर्राष्ट्रिय विमानस्थल:... २ पृष्ठमा : धानको उत्पादन वृद्धि :... ३ पृष्ठमा : कोलम्बियाको युद्धविरामको...

# विद्यालय आसपास मदिरा र सुर्तीजन्य पर्दाथ विक्री निषेध




**दैनिक समाचारदाता**
**राजविराज, १८ पुस ।**

सप्तरीको विष्णुपुर गाउँपालिकाले विद्यालय आसपास मदिरा तथा सुर्तीजन्य पर्दाथ बिक्री वितरण गर्न सोमबारदेखी निषेध गरेको छ।

गाउँपालिकाका अध्यक्ष उमेश प्रसाद यादवले विद्यालय आसपास खोलिएका मदिरा तथा सुर्तीजन्य पसलका कारण विद्यार्थीहरुमाथी पर्ने नकारात्मक प्रभाव र कुलत बाट जोगाउन यस्तो निर्णय गरिएको बताए।

उनले विद्यालयको ३ सय मिटर वरपर कतै पनि मदिरा र सुर्तीजन्य पर्दाथको विक्री वितरण गर्न नपाईने गरी बन्देज लगाइएको र वेवास्ता गर्ने पसलेलाई स्थानीय सरकार संचालन ऐन अनुसार कारवाही गर्ने प्रस्ट पारेका छन।

विद्यालय आसपास नै मदिरा र सुर्तीजन्य पर्दाथको दर्जनौ पसल खुलेपछि सम्भावित विकृती रोक्न यस्तो निर्णय गरिएको उनको भनाई छ।

विद्यालय तथा धार्मिक स्थल आसपास मदिराजन्य पर्दाथ विक्री वितरण गर्न कानूनले नै बन्देज लगाए पनि यस्को पालना गर्न केही पसलेले अटेर गरेपछि गाउँपालिकाको बैठकबाटै त्यस्तो निर्णय गरिएको निमित्त प्रमुख प्रशासकिय अधिकृत शुभाष प्रसाद मण्डलले जानकारी दिए।

# लेनदेन मुद्दाका फरार प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १८ पुस ।**

लेनदेन मुद्दाका एक फरार अभियुक्तलाई प्रहरीले पक्राउ गरि कैद भुक्तानका लागि कारागार चलान गरेको छ।

सप्तरीको सुरुङ्गा नगरपालिका वडा नं. १ बस्ने ६४ वर्षिय पुष्कल बहादुर बुर्जा मगरलाई प्रहरीले पक्राउ गरेको हो।

स्थानिय कोपिला मगर वादी रहेको लेनदेन मुद्दामा सप्तरी जिल्ला अदालतले २०७६ माघ १९ गते गरेको फैसलाले बिगो बापत एक वर्ष कैद ठहर गरे पनि मगर उक्त मितिदेखी फरार रहेका थिए।

उनलाई प्रहरीले आइतबार पक्राउ गरी अदालतमा दाखिला गराएर कैद भुक्तानको लागि सप्तरी कारागार पठाईएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# बेवारिसे सामानहरु बरामदपछि भन्सार पठाइयो

**दैनिक समाचारदाता**
**राजविराज, १८ पुस ।**

सप्तरी प्रहरीले विभिन्न मितिमा भारतबाट भन्सार छलेर नेपाल ल्याउँदै गरेको बिरानाका सामानहरु बरामदपछि भन्सार कार्यालय पठाएको छ।

प्रहरीले राजबिराज नगरपालिका वडा नं. स्थितमा किराना सामान चिनी लगायत बिस्कुट अन्दाजी १० हजार मुल्य बराबरको बेबारिसे अवस्थामा फेला पारेको छ।

यस्तै राजबिराज नगरपालिका वडा नं. ७ स्थितमा पनि बेबारिसे अवस्थामा भारतबाट भंसार छली ल्याएको ४३ हजार मुल्य बराबरको गम्छा बरामद गरेको छ।

यसैगरि जिल्लाको बोदेबरसाईन, राजगढ र हनुमाननगर कंकालिनी नगरपालिकामा भारतबाट भन्सार छली ल्याएको ३२ हजार मुल्य बराबरको बेवारिसे किराना सामानहरु बरामद गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

बरामद गरिएको सबै सामानहरु राजबिराज भन्सार कार्यालय तिलाठी पठाईएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# माटोको मुर्तीमा प्रयोग हुने सामाग्रीको मुल्य महगिएपछि मुर्तीकार समस्यामा



**दैनिक समाचारदाता**
**राजविराज, १८ पुस ।**

माटोको मुर्ती बनाउन प्रयोग हुने सबै सामाग्रिहरुमा मुल्य वृद्धि भएपछि मुर्तिकारहरु समस्यामा परेका छन्।

नजकिदै गएको सरस्वती पुजाका लागि मुर्ती बनाउने स्थलदेखि सामाग्रिहरुमा मुल्य वृद्धि भएपछि मुर्तिकारहरु चिन्तित समेत बनेका छन्।

यस पल्ट माघ १२ गते मंगलवार विद्याकी देवी सरस्वतीको पुजा परेको छ। राजविराजमा मात्रै अहिले एक दर्जन स्थानमा मुर्ती कलाकारहरुले देवी सरस्वतीको माटोको मुर्ति बनाइरहेका छन्। तर, मुर्ती बनाउन प्रयोग गरिएको जग्गाको भाडा देखि माटो, पराल, वास, काठ र रंगरोगन सबैको मुल्य आकाशिएकोले आफुहरु चिन्तामा डुबेको मुर्तीकारहरु बताउँछन।

विभिन्न गाउँपालिकाबाट आएका मुर्तीकार अहिले सडक छेऊमा रहेका विभिन्न व्यक्ति र सार्वजनिक खाली जग्गामा मुर्ती बनाउने काम गरिरहेका छन। तर सार्वजनिक स्थल र चौरमा स्थानीय निकायले काम न गर्न ताकेदा तथा व्यक्तिको नाममा रहेको निजी जग्गा वालाले चर्को भाडा माग्न थालेपछि आफुहरुको व्यवसाय संकटमा परेको मुर्तीकार श्याम कुमार मुखियाले गुनासो पोखे।

विष्णुपुर गाउँपालिका ६ घर भएका उनी विगत १० दिन देखी राजविराज ७ मा एक खाली जग्गा भाडामा लिई माटोको मुर्ती बनाउदै आएका छन्।

राजविराजको सिरहा रोडमा अर्का मुर्तीकार देबु मण्डलले पनि

*बाँकी दुई पृष्ठमा*

## जग्गा बिक्रिमा

राजविराज वडा नं. ६ थानगाछी स्कुलको दक्षिण पट्टीको जग्गा विक्रीमा छ। जग्गाको तिनै भागमा १२ फिटको बाटो भएको घर सहितको जग्गा लिने इच्छुक व्यक्तिले सिन्हा लँज राजविराजमा सम्पर्क गर्नुहुन अनुरोध छ।

**सम्पर्क नं. ०३१-५३०४३४**

## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



## तपाईकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं।

**पुष मसान्तसम्म फेको प्रविधिद्वारा मोतिबिन्दुको शल्यक्रियामा २०% छुट तथा ज्येष्ठ नागरिकहरुका लागि OPD FEE निःशुल्क**

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

## सम्पादकीय ....

### प्राकृतिक विपदबाट जोगिन दिर्घकालिन नीति बनाउनु आवश्यक

केही दिनदेखी बढेको चिसोका कारण अहिले तराई मधेशका जिल्लाको जनजिवन प्रभावित भएको छ । बिहानैदेखी चल्ने चिसो हावा र सितलहरका कारण जनजिवन प्रभावित बनेको हो । यस्तो अवस्थामा निम्न वर्गमा व्यक्तिहरु निकै मारमा परेका छन् । उनीहरुलाई चिसोबाट बच्नका लागि न्यानो लुगाको अभाव भइरहँदा सहयोगि हातहरुको खाँचो रहेको छ । हरेक वर्ष जाडोको मौसममा हुने अत्याधिक चिसोका कारण जनजिवन प्रभावित हुन पुग्छ । तर, ती वर्गका जनताहरुलाई यसरी नै सधै न्यानो लुगाको अभाव हुने गर्दछ । दुई छाक खान धौं धौं हुने ती वर्गका व्यक्तिका लागि सम्बन्धी निकायले सहयोग गर्नु पर्ने देखिन्छ । तर, त्यसका लागि हालसम्म कुनै निकाय अगाडी बढेको देखिदैन् ।

यसका लागि हरेक वर्ष स्थानिय तहले उनीहरुको सहयोगका लागि तत्परता देखाएपनि ठोस रुपमा समस्या समाधानका लागि दिर्घकालिन सोच बनाएको देखिदैन् । यस्तो अवस्थामा अल्पकालिन नीति बनाएर जासोतसो तत्काल समस्या समाधान गर्नेतर्फ अग्रसरता देखाइन्छ । यो कुनै समस्याको समाधानको बाटो होइन । यसका लागि पालिकास्तरि बैठकबाट दिर्घकालिन नीति निर्माणदेखी कार्यान्वयनसम्मको बाटो निकाल्नु आवश्यक छ ।

तसर्थ कुनै पनि प्राकृतिक विपदको बेलामा स्थानिय तहले दिर्घकालिन सोच बनाउनु आवश्यक छ । अहिले चिसोको मौसम रहेको छ । त्यसपछि गर्मी, हावाहुरी र वर्षाको मौसम आउछ । त्यसबाट पनि ती वर्गका जनता निकै प्रभावित हुने गर्छन् । त्यसका लागि एउटा ठोस नीति निर्माँण गरेर त्यस्ता विपदबाट जोगिन दिर्घकालिन समाधान खोज्नु उत्तिकै आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# पोखरा अन्तर्राष्ट्रिय विमानस्थलः अर्थतन्त्र चलायमान हुने विश्वास

गण्डकी, १८ पुस (रासस) ।

पोखरामा आइतबारदेखि सञ्चालनमा आएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको सही उपयोग भएमा यसले पोखरासँगै समग्र राष्ट्रको अर्थतन्त्र चलायमान गराउने विश्वास व्यक्त गरिएको छ ।

झण्डै पाँच दशकको निरन्तरको प्रयाससगै विमानस्थलबाट जहाज उड्ने र अवतरण हुन थालेसँगै आगामी दिनमा यो पोखराको समृद्धि र विकासका लागि कोसेढुङ्गा बन्नुपर्ने सरोकारवालाले बताएका छन् । विमानस्थल सञ्चालनका विभिन्न पूर्वाधारको अभावकै बीच विमानस्थल सञ्चालनमा आएपनि यसले पोखरेलीलाई कति उत्साहित बनाएको थियो भन्ने कुरालाई आइतबार उर्लेको पोखरेलीको जनसागरले प्रष्ट सङ्केत गर्दथ्यो ।

हजारौँ पोखरेलीको सहभागितामा भव्यताका साथ उद्घाटन भएको विमानस्थल सञ्चालनमा आएसँगै यसले आगामी दिनमा यसले गण्डकी प्रदेशसँगै समग्र राष्ट्रको अर्थतन्त्रलाई चलायमान बनाउनुपर्ने विषय गम्भीरताका साथ उठेको छ । हालसम्मको अवस्थाले गण्डकी प्रदेश उद्योग व्यवसायका क्षेत्रमा पछि नै रहेको छ । नेपालको महत्वपूर्ण पर्यटकीय गन्तव्य पोखरामा हालसम्म आन्तरिक उडानका लागि सानो क्षमताको घरेलु विमानस्थल रहीआएकोमा नयाँ अन्तर्राष्ट्रिय विमानस्थलसँगै त्यसले अन्य सम्भावनालाई उजागर गरेको लेखनाथ उद्योग वाणिज्य सङ्घका अध्यक्ष छत्रधर आत्रेय बताउनुहुन्छ ।

हाल पोखराबाट लगभग आधा घण्टाको दूरीमा मात्र उडान भइरहेका अवस्थामा अब भने यहाँबाट सिधैं छ घण्टासम्मको दूरीमा यात्रा गर्न सकिने भएको छ । उद्घाटन समारोहमा नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले यो विमानस्थलबाट पाँच/छ घण्टाको दूरीको यात्रा गर्न सकिने भनिरहँदा पोखरेलीले लगातार ताली वर्षाएर खुसी व्यक्त गरेका थिए ।

यो सँगै पोखराबाट विभिन्न छिमेकी राष्ट्रमा उडान गर्न सकिने बाटो खुलेको छ । यसका लागि हवाई मार्ग तय गर्ने सम्बन्धमा राज्यले कूटनीतिक छलफल तत्काल बढाउनु अपहिार्य देखिएको छ । विमानस्थलसँग जोडिएको मुख्य पूर्वाधार सडकलाई तत्काल व्यवस्थित गर्नु अपरिहार्य देखिएको अध्यक्ष आत्रेयको भनाइ छ ।

"विमानस्थल सुरु भएसँगै आइतबार पोखराबाट लेखनाथसम्म आइपुग्न झण्डै तीन/चार घण्टा लागेको छ", उहाँले भन्नुभयो, "विमानस्थलसम्म सहजरुपमा आवतजावत गर्नका लागि ट्राफिक व्यवस्थापनलाई तत्काल गम्भीरताका साथ लिनुपर्ने भएको छ ।" विमानस्थल सञ्चालनमा आएसँगै पर्यटकलाई बस्ने किसिमका पूर्वाधारको विस्तार गर्नु आवश्यक रहेको उहाँले बताउनुभयो । विमानस्थललाई सहीरुपमा उपयोगको वातावरण निर्माणतर्फ राज्यले ध्यान दिनुपर्ने बताउँदै उहाँले यसले पोखरासँगै समग्र राष्ट्रको अर्थतन्त्रमा विशिष्ट योगदान पुग्ने उल्लेख गर्नुभयो ।

"आगामी दिनमा पोखरासहित समग्र गण्डकी प्रदेशमा उत्पादनलाई पनि जोड दिनु आवश्यक छ", उहाँले भन्नुभयो, "यहाँका उत्पादनलाई बाहिर पठाउने अवस्था भयो भने त्यसले प्रत्येक स्थानीयको आम्दानी बढाउने र समग्र अर्थतन्त्रमा टेवा पुग्ने देखिन्छ ।" पोखरामा विद्यमान पर्यटकीय पूर्वाधारलाई पनि व्यवस्थितरुपमा उपयोग गर्नुपर्ने सरोकारवाला बताउँछन् । पोखरामा प्रत्येक दिन ४० हजारसम्म पर्यटक राख्न सक्ने क्षमता रहेको पश्चिमाञ्चल होटेल सङ्घका अध्यक्ष लक्ष्मण सुवेदीले बताउनुभयो ।

तथ्याङ्कअनुसार काठमाडौँ आएका विदेशी पर्यटकमध्ये ४० देखि ४५ प्रतिशत पर्यटक पोखरा आउने गर्दछन् । नेपाल आएकामध्ये करिब ६० प्रतिशत विदेशी पर्यटक मनोरञ्जनका लागि आउने गरेको र ४० देखि ४५ प्रतिशत पोखरा पुग्ने गरेका छन् । पोखरा देशकै महत्वपूर्ण पर्यटकीय गन्तव्यका रुपमा रहेको अवस्थामा सञ्चालनमा आएको पोखरा अन्तराष्ट्रिय विमानस्थलले यहाँको पर्यटनमा ठूलो योगदान पुऱ्याउने नेपाल लोकतान्त्रिक उद्योग वाणिज्य सङ्घ गण्डकी प्रदेशका अध्यक्ष चन्द्रकृष्ण कर्माचार्यले बताउनुभयो ।

पर्यटन क्षेत्र उद्योग, व्यवसाय, यातायातलगायतका धेरै क्षेत्रसँग प्रत्यक्ष सम्बन्धित रहेको उल्लेख गर्दै उहाँले यसबाट धेरै क्षेत्र लाभान्वित हुने बताउनुभयो । "पर्यटकको आगमन बढेसँगै स्वभाविकरुपमा खानेकुराको खपत हुन्छ, त्यसले उत्पादित खाद्यान्नले बजार पाउँछ", उहाँले भन्नुभयो, "खाद्यान्नसँगै त्यससँग जोडिएका खाद्य उद्योग सञ्चालनमा आउने र अर्थतन्त्रलाई चलायमान बनाउने हुन्छ ।"

हिमाली, पहाडी र तराई क्षेत्रमा समेटिएको गण्डकीमा विभिन्न किसिमका उत्पादन हुने गर्दछ । हिमाली क्षेत्रमा उत्पादन हुने स्याउलगायतका फलफूलसँगै जिम्बु आदि जडीबुटीलाई निर्यात गर्न सकिन्छ भने पहाडी क्षेत्रमा फल्ने कोदो, मकै, फापर आदिलाई बजारमा पुऱ्याउन सकिन्छ । तराईको नवलपुर क्षेत्रमा उत्पादन हुने धान, गहुँ आदिको उत्पादन बढाउँदै आयआर्जन बढाउन सकिने सरोकारवालाको बताउँछन् ।

# धानको उत्पादन वृद्धि : चामल आयात घटचो !

काठमाडौँ, १८ पुस (रासस) ।

अघिल्लो वर्षको तुलनामा धान उत्पादनमा वृद्धि भए पनि मुलुकको राष्ट्रिय आवश्यकता धान्न अझै करिब चार लाख ८० हजार मेट्रिक टन चामल कमी हुने देखिएको छ ।

नेपालमा चामलको राष्ट्रिय आवश्यकता करिब ४० लाख मे.टन रहेकामा ३५ लाख २० हजार मे.टन आन्तरिक उत्पादनबाट उपलब्ध हुने अनुमान छ । पछिल्लो वर्षमा धानको समग्र राष्ट्रिय उत्पादन बढेको तथा चामलको आयात घटको अवस्थामा पनि उक्त परिमाणको चामल कमी हुने देखिएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ ।

चामलको उपभोग करिब एक सय २१ केजीप्रति व्यक्ति प्रतिवर्ष हुने देखिन्छ । यस हिसाबले चामलको आवश्यकता करिब ४० लाख मे.टन चामल रहने देखिन्छ । अघिल्ला आर्थिक वर्षको तुलनामा आव २०७८/८९ मा धान/चामल/कनिकाको आयात भने करिब रु चार अर्ब अर्थात् ६.३ प्रतिशतले घटेको थियो ।

आव २०७८/७९ को पाँच महिनाअर्थात् मङ्सिरसम्मको तुलनामा ३८.२ प्रतिशतले कमी आएको आँकडाले देखाएको छ ।

यसैबीच, मन्त्रालयको तथ्याङ्कअनुसार, मुलुकमा चैते र वर्षे गरी १४ लाख ४७ हजार सात सय ८९ हेक्टर क्षेत्रफलमा धान लगाउने गरिएको छ । धान नेपालको प्रमुख खाद्यन्न बाली हो । हाल धानको समग्र राष्ट्रिय उत्पादन ५४ लाख ८६ हजार चार सय ७२ मे.टन र उत्पादकत्व ३.७९ मे.टन प्रतिहेक्टर रहेको मन्त्रालयको प्रारम्भिक अनुमान छ ।

गत आर्थिक वर्ष २०७८/७९ को तुलनामा यस आवमा धानको समग्र क्षेत्रफलमा दुई प्रतिशतले कमी आएको देखिएको छ भने उत्पादनमा ६.९४ प्रतिशतको वृद्धि भएको छ । समग्र नेपालको, प्रदेशगत र जिल्लागत चैते धान र वर्षे सिजनको धानको क्षेत्रफल, उत्पादन र उत्पादकत्वको गरिएको विवरण सार्वजनिकमा उक्त तथ्याङ्क देखाइएको छ । नेपालमा धानका अत्यन्त लोकप्रिय जात हर्दिनाथ, खुमल, राधा, स्वर्ण सव हुन् ।

धानमा आत्मनिर्भरताका लागि सरकारले स्थानीय तह र प्रदेशको समन्वयमा मन्त्रालयले उत्पादन प्रवर्द्धनका विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । मसिना तथा वासनादार, चैते र जातीय धान विकास अनुसन्धान कार्यक्रम तथा न्यूनतम समर्थन मूल्य तोकी खरिद गर्ने व्यवस्थालाई प्रभावकारीरुपमा अघि बढाइएको मन्त्रालयको दाबी छ ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट सहकारीमार्फत तोकिएको न्यूनतम समर्थन मूल्यमा धान खरिदको व्यवस्था गरिएको छ । सरकारले त्यसबापत सहकारीलाई प्रतिक्विण्टल रु एक सय १२ व्यवस्थापन खर्च उपलब्ध गराउँदैआएको छ । हालसम्म सूचीकृत सहकारीबाट करिब ९० हजार मेट्रिक टन धान खरिदका लागि आशय प्राप्त रहेको जानकारी दिइयो ।

प्रदेशगतरुपमा गत आर्थिक वर्षको तुलनामा यस वर्ष सबैभन्दा बढी सुदूरपश्चिम प्रदेशमा करिब ३३.३३ प्रतिशतले धान उत्पादन वृद्धि भएको तथ्याङ्कले देखाएको छछ । गत वर्ष बेमौसमी वर्षका कारण सुदूरपश्चिम प्रदेशका कैलाली र कञ्चनपुर जिल्लामा ठूलो क्षति भएको थियो ।

यस वर्ष लुम्बिनी प्रदेशमा १५.२ प्रतिशत, प्रदेश १ मा ५.७२ प्रतिशत र कर्णालीमा ३.४६ प्रतिशत र मधेश प्रदेशमा ०.१८ प्रतिशत उत्पादन वृद्धि भएको छ भने बागमती र गण्डकी प्रदेशमा गत वर्षको तुलनामा क्रमशः १.४५ र ३.७४ प्रतिशत उत्पादन कमी भएको देखिन्छ ।

तराईका जिल्लामा रासायनिक मलको उपलब्धता, उन्नत बीउको प्रयोगमा वृद्धि र स्थानीय तहसम्म कृषि प्राविधिको पहुँचले धान उत्पादनमा यस वर्ष सामान्य वृद्धि भएको मन्त्रालयको भनाइ छ ।

### माटोको मुर्तीमा ...

चर्को मूल्यमा खाली जग्गा भाडामा लिइ मुर्ती बनाउन शुरु गरेका छन् । उनले अहिले सम्म ३५ वटा सरस्वती देवीका मूर्ती बनाएका छन् ।

मुर्तीको आकार र मिहिनेत हेरी उनले १ हजार ५ सय देखी १० हजार रुपैया सम्म मोल निर्धारण गरेका छन् । तर अर्डर भने अहिले सम्म ३ वटा मुर्तीको मात्र आएको उनले सुनाए ।

अर्का मूर्तीकार राजगढ गाउँपालिका ४ का रवी मुखियाले माटाका मूर्ती बनाएर परिवारको गुजारा चलाउदै आएकोमा चर्किएको भाडादर र अकासिएको महगीले समस्या पारेको बताए । आफुहरुले बनाएको देवी देवताको मूर्ती अगाडी ज्ञान र धन माग्दै ठूला ठूलाले शिर निहुराएको देख्छु तर हाम्रो पीडा कसैले देख्दैनन, मूर्तीकाहरुको साझा गुनासो छ ।

भौतिक पूर्वाधार विकास मन्त्रालय

**यातायात व्यवस्था सेवा कार्यालय**

राजविराज, सप्तरी, नेपाल

**विषय -आशयपत्र पेश गर्ने सम्बन्धी १५ दिने सार्वजनिक सूचना ।**

**प्रथम पटक प्रकाशित मिति -२०७९/०९/१८**

प्रस्तुत विषयमा भौतिक पूर्वाधार विकास मन्त्रालय मधेश प्रदेश जनकपुरधामको च.नं. ७६३ ,मिति २०७९/०९/१४ गतेको प्राप्त पत्रानुसार यस कार्यालयबाट नया सवारी चालक अनुमती पत्र जारी गर्न अनुमती प्राप्त भै आएको छ । तत् सम्बन्धमा A,B,C,C1,E,K वर्गको प्रयोगात्मक परिक्षा संचालन गर्न अभाव भएको हुँदा सम्बन्धीत प्रयोगात्मक परीक्षा स्थल (Trial Center) र सवारी साधन उपलब्ध गराउने फर्म वा कम्पनीले परिक्षार्थिहरुबाट प्रयोगात्मक परिक्षा शुल्क लिई सेवा प्रदान गर्ने शर्तमा प्रयोगात्मक परिक्षास्थल सम्झौता भएको मितिले दुई वर्षको लागि भाडामा उपलब्ध गराउन ईच्छुक स्वीकृति प्राप्त फर्म वा कम्पनीहरुबाट प्रचलित कानून बमोजिम प्रयोगात्मक परीक्षा स्थल (Trial Center) र सवारी साधन वापत प्रति सेवाग्राहीबाट के/कति सेवा शुल्क लिई उपलब्ध गराउन सकिन्छ ?सो कुरा खोली तपसिलको शर्तहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र प्राविधिक तथा आर्थिक प्रास्ताव छुट्टा छुट्टै गरी यस कार्यालयमा शिलवन्दी बुझाउन हुन यो शिलवन्दी प्रस्ताव आहान गरिन्छ ।

**तपसिल**

१. शिलबन्दी बुझाउने स्थान – यातायात व्यवस्था सेवा कार्यालय, राजबिराज, सप्तरी ।

२. प्रशिक्षण केन्द्र/स्थल- यातायात व्यवस्था सेवा कार्यालय राजविराज देखि ४ किलोमिटर भित्र मुल सडकको आसपासमा हुनुपर्नेछ जहाँ आवत-जावत गर्दा सर्वसाधारणलाई असर पर्ने खालको हुनु हुदैन ।

३. प्रशिक्षण केन्द्र भएको जग्गाको प्रकृति ,क्षेत्रफल एवम् मापदण्डहरु सवारी चालक प्रशिक्षण संचालन निर्देशिका ,२०७४ तथा सवारी चालक अनुमति पत्र तथा सवारी चालक अनुमतिपत्रको परीक्षा संचालन गर्ने निर्देशिका २०७७ संसोधित बमोजिम भएको हुनु पर्नेछ ।

४. प्रचलित कानून बमोजिम ड्राईभिङ्ग सेन्टर संचालन ईज्जात पत्र प्राप्त भएको र अवधि समाप्त भएको भए नविकरणसमेत भएको हुनुपर्नेछ ।

५. प्रयोगात्मक परीक्षा स्थल (Trial Center) परिसरमा शुद्ध पिउने पानी, प्रतिक्षालय एवम् महिला, पुरुषको छुट्टा छुट्टै शौचालयको व्यवस्था भएको हुनु पर्नेछ ।

६. प्रयोगात्मक परीक्षा स्थल (Trial Center) परिसरमा पर्याप्त पार्किङ्गस्थल भएको हुनु पर्नेछ ।

७. मोटोरसाईकल, स्कुटर तथा हलुका सवारी साधनको हकमा उत्पादन वर्षले १० वर्ष नकाटेको सवारी साधन हुनु पर्नेछ ।

८. प्रयोगात्मक परीक्षा स्थल तथा प्रयोग हुने सवारीको मर्मत सम्भार गर्नु परेमा सो को जिम्मेवारी सेवा प्रदायक ड्राईभिङ्ग सेन्टर को हुनेछ ।

९. प्रयोगात्मक परीक्षा स्थलमा CC Camera को Full coverage ,Electric power supply को Back up का लागि Generator लगायतका अन्य आवश्यक ईलेक्ट्रोलिक सामग्रीहरुको व्यवस्थापन भएको हुनु पर्नेछ ।

१०. प्रस्ताव पेश गर्दा निवेदनको साथमा प्रचलित कानूनले तोकेको फर्म दर्ता प्रमाण पत्र तथा दर्ता नवीकरण प्रमाण पत्र, आयकर दर्ता प्रमाणपत्र , आ.व. २०७८/७९ को कर चुक्ता प्रमाणपत्र लगायतका कागजातहरुको प्रमाणित प्रतिलिपी र कालो सूचीमा नपरेको स्वघोषणा पत्र संलग्न भएको हुनुपर्नेछ ।

११. आशयपत्र पेश गर्ने अन्तिम मिति २०७९/१०/०२ गते कार्यालय समय भित्र हुनेछ ।

१२. शिलवन्दी आशयपत्र खोलिने मिति २०७९/१०/०३ गते दिनको ०२:०० वजे ।

१३. पेश भएका आश्यपत्रहरु आंशिक वा पूर्णरुपले स्वीकृत वा अस्वीकृत गर्ने अधिकार कार्यालयमा निहीत रहनेछ ।

१४. आश्यपत्र शुल्क रु १०००/- यस कार्यालयको राजश्व शाखामा बुझाई कार्यालयको प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ ।

१५. सूचना सम्बन्धी अन्य थप कुरा बुझ्न परेमा सूचना अधिकारीको सम्पर्क नं.९८५२८२३५०२ मा बुझ्न सकिनेछ ।

## विश्व समाचार

### कोलम्बियाको युद्धविरामको संयुक्त राष्ट्रसङ्घद्वारा स्वागत

संयुक्त राष्ट्रसंघ, १८ पुस (रासस/पुस) ।

संयुक्त राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटरेसले कोलम्बियामा भएको युद्धविराम सम्झौताको स्वागत गर्नुभएको छ । उहाँले आइतबार सो सम्झौताको स्वागत गर्नुभएको संयुक्त राष्ट्रसङ्घले जानकारी दिएको छ ।

कोलम्बियामा हिंसा गरिरहेका विभिन्न पाँच ओटा सशस्त्र समूहले यहाँको सरकारसँग सम्झौता गरेर छ महिना अवधिका लागि युद्धविराम गर्ने सम्बन्धी पत्रमा हालै हस्ताक्षर गरेका थिए । कोलम्बियाका राष्ट्रपतिले नयाँ वर्ष सन् २०२३ को शुभकामना सन्देश दिने क्रममा गत डिसेम्बर ३१ का दिन सम्बोधन गर्दै यहाँका सशस्त्र पाँच विद्रोही समूहसँग कोलम्बिया सरकारले युद्धविराम गरेको जनाउनुभएको थियो ।

उहाँले सो युद्धविरामको अवस्था यही सन् २०२३ को जनवरीदेखि आगामी जुन ३० तारिखसम्म कायम रहने पनि बताउनुभएको थियो । कोलम्बियामा युद्धविरामसँगै विकसित भएको पछिल्लो राजनीतिक घटनाक्रमले यहाँ शान्ति स्थापनाको आशा यहाँका नागरिकमा बढेको संयुक्त राष्ट्रसङ्घीय महासचिव गुटरेसका प्रवक्ता स्टेफान डुजारिकले बताउनुभएको छ ।

यही युद्धविरामको अवधिमा यहाँका सबै सशस्त्र समूहहरुसँग शान्ति वार्ताको प्रक्रिया अघि बढाउने र यसका माध्यमबाट देशमा शान्ति स्थापना गर्ने विषयमा सबै पक्ष लाग्नुपर्नेमा पनि उहाँले जोड दिनुभएको छ ।यो युद्धविरामको सही सदुपयोग गरेर कोलम्बियामा शान्ति स्थापनाको काममा लाग्न पनि महासचिव गुटरेसले कोलम्बियाका सबै पक्षसँग आग्रह पनि गर्नुभएको छ ।

उहाँका प्रवक्ता डुजारिकले आइतबार प्रकाशन गरेको विज्ञप्तिमा कोलम्बियामा शान्ति स्थापनाका लागि आवश्यक सबै सहयोग गर्न संयुक्त राष्ट्रसंघ सदैव तत्पर रहेको पनि जनाइएको छ ।

### अज्ञात व्यक्तिका १८ शव भेटिए

त्रिपोली, १८ पुस (रासस/सिन्ह्वा) ।

लिबियाका अधिकारीहरुले यहाँको उत्तरी तटीय सहर सिर्तेमा अज्ञात व्यक्तिका १८ ओटा शव भेटिएका आइतबार जनाएका छन् ।सिर्ते सबा क्षेत्रमा गत हप्ता ती शवहरु भेटिएपछि ती शव नजिकैको एक सरकारी अस्पतालमा लगिएको पनि ती अधिकारीले जनाएका छन् ।

बेपत्ता व्यक्तिहरुको खोजी गर्ने यहाँको सरकारी निकायका एक अधिकारीले ती शव भेटिएपछि अस्पताल पुऱ्याइएको र उनीहरुको पहिचानका लागि प्रयोगशालामा अनुसन्धान भइरहेको जानकारी दिएका छन् ।

उनले ती व्यक्ति को हुन् र के कति कारणले उनीहरुको मृत्यु भएको हो या हत्या भएको हो भन्ने विषयमा अनुसन्धान सुरु भएको जनाएका छन् । गएको अक्टोबर महिनामा पनि सिर्ते क्षेत्रकै एक सरकारी विद्यालयमा गाडिएको अवस्थामा ४२ ओटा शव भेटिएको यहाँको प्रहरीले जनाएको थियो ।

सन् २०१६ मा सिर्ते सहरबाट विस्थापित गर्नुअघि सो सहरमा यहाँका स्लामिक स्टेट अतिवादीहरुले कब्जा जमाएका थिए । सोही समयमा कैयौँ व्यक्तिको हत्या पनि भएको थियो । पछिल्लो समयमा भेटिने गरेका अज्ञात शवहरु उनीहरुले नै हत्या गरेका हुनसक्ने अनुमान यहाँको प्रहरीले गर्ने गरेको छ ।

### तेहरानमा २४६ किलो अफिम बरामद

तेहरान, १८ पुस, (रासस-सिन्ह्वा) ।

इरानको राजधानी तेहरानमा प्रहरीले दुई छुट्टाछुट्टै कारबाहीमा २४६ किलोग्राम अफिम बरामद गरेको स्थानीय सञ्चारमाध्यमले आइतबार जानकारी दिएका छन् ।

पहिलो कारबाहीमा प्रहरी बलहरूले लागूऔषध तस्कर गिरोहलाई ध्वस्त पारी २१८ किलो अफिम बरामद गरेको तेहरानका उपप्रहरी कमाण्डर हमिद होडाभान्डले अर्ध-आधिकारिक तस्निम समाचार एजेन्सीलाई उद्धृत गर्दै बताएका छन् ।होडाभान्डले गिरोहका सदस्यहरूलाई चौबीसै घण्टा निगरानी र देशको उत्तरतर्फ जाने क्रममा बाटोमै पक्राउ गरिएको बताए ।

अर्को कारबाहीमा इरानको विमानस्थल प्रहरीले तेहरानको इमाम खोमेनी अन्तरराष्ट्रिय विमानस्थलबाट बाहिरिने क्रममा दुई जना यात्रुहरूबाट २८ किलोग्राम अफिम बरामद गरेको प्रहरी कमाण्डर मोहसेन अकिलीले इरानी विद्यार्थी समाचार एजेन्सीलाई बताएका छन् । दुवै लागुऔषध कारोबारीलाई न्यायिक निकायमा बुझाइएको अकिलीले बताए ।

### युक्रेनी राजधानी हवाइ आक्रमण

कीभ, १८ पुस, (रासस-सिन्ह्वा) ।

युक्रेनको राजधानीमा आइतबार राति रुसी सेनाद्वारा हवाइ हमला गरिएको छ । शहरका विभिन्न जिल्लामा विस्फोटन भएको स्थानीय अधिकारीहरूले ।

कीभ शहर सैन्य प्रशासनले जनाएअनुसार एयर डिफेन्सले राजधानी विरुद्ध शुरू गरिएका सबै ३२ वटै हवाइ आक्रमणहरूलाई निस्तेज गरिएको बताएको छ । हवाई अवरोधका भग्नावशेषले केन्द्रीय शेभचेन्किभ्स्की जिल्लामा एउटा निजी कारलाई मान्य क्षति पुगेको छ भने स्थानीय सबवेको सञ्चालनमा बाधा पुगेको छ ।

यसैगरी कीभ क्षेत्रमा ड्रोन आक्रमणमा पूर्वाधार सुविधा क्षतिग्रस्त भएको किभ क्षेत्रीय सैन्य प्रशासन प्रमुख ओलेक्सी कुलेबाले टेलिग्राममा बताएका छन् । यद्यपि युक्रेनी आक्रमणबाट राजधानी र कीभ क्षेत्रमा कुनै हताहतीको भने भएको छैन् ।

रुसले जम्माजम्मी ४५ लडाकु ड्रोनहरू प्रक्षेपण गरेको छ । त्यसमध्ये ३२ वटा आइतबार मध्यरात पछि र शनिबार अबेर राति १३ वटा प्रहार गरइएको थियो । यद्यपि ती सबैलाई युक्रेनको हवाइ रक्षाले खसालेको युक्रेनी सशस्त्र सेनाको वायुसेना कमाण्डले जनाएको छ ।

# राष्ट्रियसभाको उपनिर्वाचन माघ २५ मा गर्न परामर्श

काठमाडौँ, १८ पुस (रासस) ।

निर्वाचन आयोगले आउँदो माघ २५ गते बुधबार राष्ट्रियसभा सदस्यको रिक्त एक सदस्यका लागि उपनिर्वाचन गर्नेगरी निर्वाचनको मिति तोक्न नेपाल सरकारलाई आयोगले परामर्श दिएको छ ।

सरकारले तोकेको मितिमा आयोगले सो सभाको उपनिर्वाचन गराउनुपर्ने व्यवस्थअनुसार मिति तोक्न आयोगले सरकारलाई सोमबार लिखित परामर्श दिएको हो । आयोगका प्रमुख निर्वाचन आयुक्तसहितका पदाधिकारीले सोमबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग भेटवार्ता गरी सो परामर्श दिनुभएको हो ।

उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल र उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछाने र सरकारका मुख्यसचिव शङ्करदास वैरागीको उपस्थिति रहेको थियो । सो भेटघाटमा राष्ट्रियसभाको रिक्त सदस्यको निर्वाचन, राष्ट्रपति तथा उपराष्ट्रपति पदको निर्वाचन र एकीकृत निर्वाचन कानुनका विषयलगायत समसामयिक विषयमा छलफल तथा परामर्श भएको थियो ।

सो अवसरमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले राष्ट्रियसभामा लुम्बिनी प्रदेशबाट निर्वाचित सदस्य खिमलाल भट्टराई (अन्य समूह) को २०७९ असोज २३ मा राजीनामा स्वीकृत भई रिक्त पदको उपनिर्वाचन गर्ने, वर्तमान राष्ट्रपतिको पदावधि २०७९ फागुन २८ गतेसम्म हुने भएकाले सो अगाडि राष्ट्रपति पदको निर्वाचन र राष्ट्रपतिको निर्वाचन भएको १५ दिनभित्र उपराष्ट्रपति पदको निर्वाचन सम्पन्न गराउनुपर्ने अवस्था रहेको अवगत गराउनुभयो ।

राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ६१ मा कुनै सदस्यको पदावधि छ महिनाभन्दा बढी कायम रहँदै कुनै कारणले पद रिक्त भएमा बाँकी अवधिका लागि रिक्त भएको मितिले ३५ दिनभित्र गर्नुपर्ने हुन्छ । यसैगरी आयोगका तर्फबाट तयार भएको निर्वाचनसँग सम्बन्धित एकीकृत निर्वाचन कानुनको मस्यौदा सरकारमार्फत सङ्घीय संसद्को पहिलो अधिवेशनमा पेस गर्ने तयारीमा आयोग जुटेको व्यहोरासमेत जानकारी गराइएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौड्यालले जानकारी दिनुभयो ।

सो अवसरमा प्रधानमन्त्री दाहालले २०७९ वैशाख ३० गते स्थानीय तह र मङ्सिर ४ गते प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहितरूपमा सम्पन्न गराएकामा आयोगलाई धन्यवाद दिनुभयो । उहाँले आयोगले प्रस्ताव गरेका राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनको विषयमा आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्न तथा एकीकृत निर्वाचन कानुनलाई अगाडि बढाउन नेपाल सरकार तयार रहेको स्पष्ट गर्नुभयो ।

सोही सिलसिलामा उपप्रधानमन्त्री तथा अर्थमन्त्री पौडेलले अब हुने निर्वाचनका लागि आवश्यकपर्ने वित्तीय सहयोग जुटाउन मन्त्रालय तयार रहेको बताउनुभयो । उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेले आयोगको सम्पर्क मन्त्रालयका रूपमा गृह मन्त्रालयबाट गर्नुपर्ने सम्पूर्ण सहयोग उपलब्ध गराइने विश्वास व्यक्त गर्नुभयो । भेटवार्तामा निर्वाचन आयुक्त ईश्वरीप्रसाद पौड्याल, रामप्रसाद भण्डारी, डा जानकीकुमार तुलाधर र आयोगका सचिव गोकर्णमणि दुवाडीको उपस्थिति थियो ।

# प्रधानमन्त्रीले पुस २६ गते विश्वासको मत लिने

काठमाडौँ, १८ पुस (रासस) ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले यही पुस २६ गते विश्वासको मत लिनुहुने भएको छ । यही पुस १० गते प्रधानमन्त्रीमा नियुक्त हुनुभएका नेकपा( माओवादी केन्द्र)का अध्यक्ष दाहालले पुस ११ गते पद तथा गोपनीयताको शपथ लिँदै पदभार ग्रहण गर्नुभएको थियो ।

विभिन्न सात राजनीतिक दलसहित कूल एक सय ६९ सांसदको समर्थनमा तेस्रो पटक सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको प्रधानमन्त्री बन्नुभएका दाहालले एक पत्रमार्फत पुस २६ गते विश्वासको मत लिन लाग्नुभएको हो ।

प्रधानमन्त्रीले सङ्घीय संसद् सचिवालयलाई पत्राचार गर्दै विश्वासको मत प्राप्त गर्ने व्यवस्था मिलाइदिन आग्रह गर्नुभएको सचिवालयका प्रवक्ता डा रोजनाथ पाण्डेले राससलाई जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "प्रधानमन्त्रीले पत्राचार गरेर नै कार्यसूचीमा समावेश गरिदिनुहुन भनेर आग्रह गर्नुभएको छ । सचिवालयका तर्फबाट हामीले आवश्यक व्यवस्थापन गर्छौं।" नेपालको संविधानको धारा ७६ को उपधारा २ बमोजिम नियुक्त भएको प्रधानमन्त्रीले सोही उपधाराको ४ बमोजिम प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्ने प्रावधान छ । प्रतिनिधिसभा दुई सय ७५ सदस्यीय छ । प्रत्यक्ष कूल एक सय ६५ र समानुपातिकतर्फबाट एक सय १० सांसद छन् । मनाङका सांसद टेकबहादुर गुरुङ भने हाल निलम्वनमा हुनुहुन्छ ।

## नेपाल पत्रकार महासंघ सप्तरीको सूचना

नेपाल पत्रकार महासंघ शाखा सप्तरीले पछिल्लो २८ वर्षदेखि निरन्तर रुपमा सप्तरीका स्वर्गीय पत्रकार लोकेन्द्र बुढाथोकीको स्मृति दिवस 'पुस २६ गते'का दिन मनाउँदै आएको सर्वविदितै छ ।

यसवर्ष पनि पुस २६ गते मंगलबारका दिन २९औं लोकेन्द्र स्मृति पत्रकारिता पुरस्कार विशेष समारोहकाबीच निर्भिक, निष्पक्ष एवम् खोजमूलक समाचार सम्प्रेषण गर्ने एक जना पत्रकारलाई प्रदान गरिनेछ ।

तसर्थ, सप्तरी जिल्लालाई कार्यक्षेत्र बनाएर पत्रकारिता गर्दै आएका सञ्चारकर्मीहरुले आ-आफ्नो व्यक्तिगत विवरण, निवेदन सहित एक वर्षयता(२०७८ पुस २७ गतेदेखि २०७९ पुस १८ सम्म) हालसम्म प्रकाशित/प्रशारित समाचार सामग्रीहरुमध्ये कम्तिमा तीन वटा महासंघको कार्यालयमा बुझाउनु हुन अनुरोध छ ।

नोट : रेडियो र टेलिभिजनका पत्रकारले https://wetransfer.com बाट fnjsaptari78@gmail.com मा समेत समाचार सामग्री पठाउन सकिन्छ ।

स्थान : नेपाल पत्रकार महासंघ शाखा सप्तरीको कार्यालय, राजविराज
बुझाउने मिति : २०७९ पुस १८ देखि २३ गतेसम्म
समय : विहान ११ बजेदेखि ३ बजेसम्म

रामनारायण विश्वास
सचिव


जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं।

- झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्ने बेला बालेको आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौं । गर्नै परेमा भेन्टिलेसन खुला राखौं ।

झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यान जान सक्दछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*